पाँचखपन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वाना, संखुवासभा
प्रदेश नं. १, नेपाल

पत्र संख्या: २०७९-८०
चलानी नं.:

विषयः जग्गा प्राप्ति गर्ने सम्बन्धी जरुरी सूचना ।

सूचना प्रकाशन मितिः २०७९/०५/१०

जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३(क) बमोजिम जग्गा प्राप्ति गर्दा लाग्ने मुआब्जा लगायत अन्य सबै खर्च नगरपालिकाबाट व्यहोर्ने गरी पाँचखपन नगरपालिका वडा नं ६ साविक वाना गा.वि.स. वडा नं १ को कि.नं. ३१९३ क्षेत्रफल ५०५ वर्गमीटर जग्गा पाँचखपन नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्न आवश्यक भएको हुँदा उक्त जग्गा प्राप्ति गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७९/०३/१२ गतेको बैठकबाट स्वीकृती भएको जानकारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह समन्वय शाखाको च.नं. ५७९ मिति २०७९/०३/२४ को पत्रबाट प्राप्त भएकोले जग्गा प्राप्ति ऐन, २०३४ को दफा ६(१) बमोजिम जग्गा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक कारवाही अनुरुप उक्त जग्गाहरुका सरोकारवाला व्यक्तिहरुलाई जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

साथै जग्गा प्राप्ति ऐन, २०३४ को दफा ६(२) बमोजिम यो सूचना जारी भएको ७ दिन पछि प्राप्ति गर्ने जग्गाको नाप नक्सा लिने वा सर्भे गर्ने, त्यस्तो जग्गा प्राप्ति गर्न उपयुक्त छ छैन यकिन गर्न तथा जग्गाको साध सिमाना छुट्याउन सकिने व्यवस्था भएकोले सम्बन्धित जग्गा धनी सरोकारवाला तथा सँधियार सरोकारवाला व्यक्तिहरुलाई उपस्थितिको लागि सूचित गरिन्छ । अन्यथा, कानुन बमोजिम कारवाही अगाडी बढ्ने व्यहोरा समेत सूचित गरिन्छ ।

........................

गणेशमान सिं राई
प्रमुख प्रशासकीय अधिकृत